## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

गण्डकी गाउँपालिका छात्रवृत्ती मापदण्ड २०७८ (संशोधन सहित)

# स्थानीय राजपत्र

खण्डः०५ संख्याः३५ मितिः २०८०/०७/०१

**भाग-२**

**गण्डकी गाउँपालिका**

आर्थिक अवस्था कमजोर भएका, अभिभावक विहिन, द्वन्द्वपिडित, असहाय तथा जेहेन्दार विद्यार्थीहरुलाई स्थानीय सरकारको दायित्व बमोजिम शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाद्धारा जारी गण्डकी छात्रवृत्ती मापदण्ड ।

आज्ञाले,

जित बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्तावना</u>**

गण्डकी गाउँपालिका, भुम्लिचोक, गोरखाको आ.व. २०७८/७९ को लागि गाउँसभाबाट पारित वार्षिक कार्यक्रम बमोजिम खुला, आदिवासी, जनजाति, र सीमान्तकृत ( चेपाङ, भुजेल, माझी, वराम, कुमाल ) गरी अधिकतम ४ जना विद्यार्थीलाई तथा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डमा धेरै पदक हासिल गरी उत्कृष्ट नतिजा प्राप्त गर्न सफल विध्यार्थीहरुलाई पूर्ण छात्रवृत्तिमा प्राविधिक विषय अध्ययन गराउन गाउँ कार्यपालिकाको निर्णय अनुसार यो मापदण्ड पारित गरिएको छ । यदि तोकिएको कोटामा तोकिएको समुहबाट छनौटमा नपरेमा अन्य समुहमा अवसर सर्दै जानेछ । आर्थिक अवस्था कमजोर भएका, अभिभावक विहिन, द्वन्द्वपिडित, असाहय तथा जेहेन्दार विद्यार्थीहरुलाई स्थानीय सरकारको दायित्व बमोजिम शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्ने यो छात्रवृत्तिको उद्देश्य रहेको छ । यो छात्रवृत्तिको नाम गण्डकी छात्रवृत्ति" हुनेछ ।

प्रावधान

१) यो छात्रवृत्ति छनौटको लागि निम्नानुसार छात्रवृत्ति छनौट समिति हुनेछ ।

| | | |
|---|---|---|
| क) संयोजक | - | गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत |
| ख) सदस्य | - | प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी |
| ग) विषयगत विज्ञ | - | गाउँपालिका अध्यक्षज्यूद्धारा मनोनित |
| छ) सदस्य सचिव | - | शिक्षा अधिकृत |

२) यो छात्रवृत्ति प्राप्त गर्न निम्न आधारहरु तय गरिएको छ ।

क) तीन वर्षे प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राथमिकतामा राखिनेछ । सि.टि.इ.भि.टि. प्रवेश परीक्षामा सहभागी भइ योग्यताक्रमको सूचीमा परेका वा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले आवेदन दिन पाउनेछन् ।

ख) छात्रवृत्तिमा हरेक वर्ष एक सिट स्नातक मा चिकित्साशास्त्र वा इन्जिनियरिंग विषयमा अध्ययनका लागि छुट्टाईनेछ । एक वर्ष चिकित्साशास्त्रको लागि छात्रवृत्ति खुलाईएमा त्यसको लगत्तै वर्ष इन्जिनियरिंग विषयमा खुलाईनेछ ।

ग) गण्डकी गाउँपालिका स्थायी ठेगाना भएका र गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक तह उत्तीर्ण परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुले मात्र यो छात्रवृत्ति कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

घ) आर्थिक रुपले वार्षिक न्युन आय भएका, असहाय एवं अभिभावक विहीन, द्वन्द्व पिडित, जेहेन्दार विद्यार्थीहरुले विशेष प्राथमिकता पाउनेछन् ।

३) छात्रवृत्ति प्राप्त गर्न आवेदकहरुले लिखित परीक्षामा सहभागी हुनुपर्नेछ र निम्नानुसार अङ्कभार तोकिएको छ । लिखित परीक्षा निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

क. गाउँपालिका कार्यालयले हरेक वर्ष अघिल्लो वर्षमा छात्रवृत्ति प्राप्त गरिरहेका विध्यार्थीहरुको भुक्तानी हुनु पर्ने दायित्व अध्ययन गर्नेछ र सोही अनुपातलाई अध्ययन गरि यस मापदण्डमा उल्लेखित संख्याहरुको अधिनमा रही नयाँ छात्रवृत्तिको लागि सूचना खुलाउनेछ । यसरी छात्रवृत्ति खुलाउँदा अघिल्लो वर्षको दायित्व थप भएमा सोही अनुसार सिट संख्या परिमार्जन गरि छात्रवृत्ति खुलाईनेछ।

४) परीक्षा सम्बन्धी :

- लिखित परीक्षामा वस्तुगत प्रश्नहरु सोधिनेछन् र प्रत्येक प्रश्नहरुको अङ्कभार १ हुने र जम्मा अङ्कभार ८० हुनेछन् । जसअनुसार २० वटा अनिवार्य गणितबाट, २० वटा अनिवार्य विज्ञानबाट २० वटा नेपाली व्याकरणबाट र २० वटा अंग्रेजी व्याकरणबाट सोधिनेछ । प्रश्नपत्रको निर्माण विषयगत विज्ञबाट गोप्य रुपमा गराइनेछ ।
- ईन्जिनियरिङ तथा चिकित्साशास्त्रका लागि लिईने लिखित परिक्षामा अंकभार ८० हुनेछ । जसमध्य विषयगत वस्तुगत प्रश्नहरु १ अंकभारका ५० वटा तथा अनिवार्य अङग्रेजीबाट १ अंकभारका २० प्रश्न तथा १ अंकभारका १० प्रश्न सामान्य ज्ञानका गरि कुल ८० अंकभार हुनेछ ।
- माध्यमिक तह उत्तीर्ण परीक्षामा प्राप्त गरेको ग्रेडको अंकभार ५ तोकिएको छ । जसअनुसार ग्रेड अङ्कभार निम्नानुसार हुनेछ । चिकित्साशास्त्र र ईन्जिनियरिङ विषयको लागि पनि कक्षा १२ को परिक्षामा प्राप्त ग्रेड निम्नानुसार अंकमै मूल्याँकन हुनेछ ।

| | | | | |
|---|---|---|---|---|
| ३.६ | - | ३.२ | ----- | ५ |
| ३.२ | - | २.८ | ----- | ४ |
| २.८ | - | २.४ | ----- | ३ |

सोभन्दा तलकोलाई २ अङ्क दिइनेछ ।

- लिखितमा पास भएका विद्यार्थीहरुलाई अन्तर्वार्तामा समावेश गराइनेछ । लिखित परीक्षा र अन्तर्वार्ता निर्देशक समितिले तोकेको परीक्षा समितिले गर्नेछ । अन्तर्वार्ता १० अङ्कको हुनेछ ।
- लिखित परीक्षामा पास भएका विद्यार्थीहरु मध्ये आर्थिक रुपले वार्षिक न्युन आय भएकालाई ५ अङ्क, असहाय एवं अभिभावक विहिनलाई ५ अङ्क, द्वन्द्व पिडित एवं शहिद परिवारका विद्यार्थीहरुलाई ५ अङ्ग प्रदान गरिनेछ । कुनै विद्यार्थी एक समुह भन्दा बढी समुहमा छनौट भएमा एक समुहको मात्र अङ्क प्राप्त गर्नेछ ।

५. छनौट भएका विद्यार्थीहरुलाई अध्ययन अवधिभर छात्रवृत्ति उपलब्ध गराइनेछ ।

क) शैक्षिक शुल्क : विद्यार्थीको शैक्षिक शुल्क अन्तर्गत लाग्ने रकम गाउँपालिका र अध्ययनरत संस्थानबिचको सम्झौता अनुसार अध्ययन विद्यालय वा संस्थानको खातामा भुक्तानी गरिनेछ ।

ख) खानाबास : विद्यार्थीको खानाबास अन्तर्गतको रकम वार्षिक रु १२०००० (अक्षरुपी एक लाख विस हजार ) शैक्षिक शुल्क सहित २१०००० (अक्षरुपी दुइ लाख दश हजार ) नबढ्ने गरी गाउँपालिका र विद्यार्थीको अभिभावकको सम्झौता अनुसार विद्यार्थी र अभिभावकको संयुक्त खाता वा निज दुवैको निवेदनमा अंकित खातामा उपलब्ध गराइनेछ ।

ग) यस मापदण्डमा जे लेखिएतापनि गाउँपालिकामा अध्ययन गरिरहेका तथा खेलकुदमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विध्यार्थीहरुको शैक्षिक तथा खेलकुद प्रतिभा प्रोत्साहनका लागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डमा धेरै पदक हासिल गरी उत्कृष्ट नतिजा प्राप्त गर्न सफल एक छात्र तथा एक छात्रालाई यसै मापदण्ड बमोजिम हुने गरी वार्षिक रु १००००० नबढ्ने गरि अध्ययन गर्न चाहेको प्राविधिक वा अप्राविधिक विषयमा अध्ययनका लागि शैक्षिक शुल्क वा खाना वास तथा अन्य खर्चको लागि छात्रवृत्ति उपलब्ध गराईनेछ ।

घ) अन्यत्र जे उल्लेख भएपनि राष्ट्रपति रनिङ शिल्डमा प्राप्त गर्ने छात्रवृत्तीको भुक्तानी निज प्रापक विध्यार्थी तथा विध्यार्थीको अभिभावकको संयुक्त दस्तखतमार्फत पुरस्कार रकमको रुपमा प्रचलित कानुन बमोजिम कर कट्टी गरि लिन, आवश्यक शैक्षिक सामाग्री तथा अध्ययन सामाग्रीहरुको खरिद गरी सोको भुक्तानी लिन वा निज विध्यार्थी अध्ययनरत संस्थानबिचको सम्झौता अनुसार अध्ययनरत विद्यालय वा संस्थानको खातामा भुक्तानी गर्ने गरि भुक्तानी निवेदन पेश गर्न सकिनेछ ।अध्ययनरत संस्थामा गरिने भुक्तानी बाहेकको भुक्तानी छात्रवृत्ती प्राप्त गर्ने विध्यार्थी तथा निजको अभिभावकको संयुक्त दस्तखतमा सञ्चालित खाता वा सो निवेदनमा अंकित खातामा भुक्तानी गरिनेछ । यसरी भुक्तानी हुने रकम निज विध्यार्थीको शैक्षिक तथा खेलकुद विकासमा लगानी गरे नगरेको अनुगमन गाउँपालिकाले गर्नेछ ।

६. छनौट भइ अध्ययनरत विद्यार्थीहरुको प्रगति विवरणको प्रमाणित प्रतिलिपि शिक्षा, युवा तथा खेलकुद शाखाले इमेल मार्फत संकलन गर्नेछ ।

७. अध्ययन पुरा गरेपछि विद्यार्थीहरुले नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिकमा गाउँपालिका अन्तर्गतको कार्यालयहरुमा १ वर्ष सेवा गर्नुपर्नेछ । सोको लागि गाउँपालिकाले छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरुसँग सम्झौता गर्नेछ ।

**आज्ञाले,**

जित बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत